# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**नेपाल सरकार**
**अर्थ मन्त्रालयको**
**सूचना**

नेपाल सरकारले  आर्थिक (पहिलो संशोधन) अध्यादेश, २०६६ को दफा १८क. ले दिएको अधिकार प्रयोग गरी भन्सार शीर्षक नं. ७१.०८ अनुसार सुनको आयातमा हाल लाग्दै आएको प्रति दश ग्राममा रु.१३०।- भन्सार महसुल दरमा वृद्धि गरी प्रति दश ग्राम रु. ४७०।- भन्सार महशुल लगाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
(भेषराज शर्मा)
सह-सचिव

# नेपाल सरकार
## अर्थ मन्त्रालयको
## सूचना

नेपाल सरकार, मन्त्रिपरिषदले मिति २०६६।११।१७ मा संवत् २०६७ साल बैशाख १ गतेदेखि लागू हुने गरी घर जग्गा खरिद बिक्रीमा देहाय वमोजिम गर्ने निर्णय भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

१. पचास लाख रुपैयाँ वा सोभन्दा माथिको एउटै कारोवारबाट घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य ( गुड फर पेमेन्ट ) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताको नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले पारित लिखत बमोजिम दाखिल खारेज गरी स्रेस्तापूर्जा तयार गर्ने ।

२. राजिनामा पारित वा बकसपत्र लेनदेन गर्दा सो सम्वन्धी लिखतमा उल्लेख गरिएको थैली अङ्क वास्तविक प्रचलित मूल्य भन्दा कम रहेको भन्ने मालपोत अधिकृतलाई लागेमा त्यस्तो घर वा जग्गा नेपाल सरकारको नाममा रहने गरी लिखतमा उल्लेख भएको थैली अङ्कमा मालपोत अधिकृतले खरिद गर्न सक्ने ।

३. खण्ड (२) बमोजिम खरिद गरिने घर वा जग्गाको मूल्य भुक्तानी गर्नका लागि अर्थ मन्त्रालयले बजेट उपलव्ध गराउने ।

४. खण्ड (३) बमोजिम खरिद गरिएको घर वा जग्गा सरकारी वा सार्वजनिक उपयोगका लागि प्रयोग गरिने ।

आज्ञाले,

(भेषराज शर्मा)
सह-सचिव